# इटहरी उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी
कोशी प्रदेश, नेपाल

०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं : २०८२/०८४
च नं. : ६४१

मिति : २०८३/०५/२५
नेपाल सम्वत् : ११४६

**विषय : केही सेवा स्थगित गरिएको सूचना ।**

यस कार्यालयमा रहेको Server तथा NAS मा गम्भीर प्राविधिक समस्या आइ मर्मत कार्य शुरु गरिएकोछ । भवन निर्माण इजाजत तथा नियमन शाखाबाट प्रवाह भइ रहेका तपसिल बमोजिमका सेवाहरू उक्त सर्भर तथा न्यासमा देखा परेका समस्या समाधान नभए सम्मका लागि स्थगित गरिएको व्यहोरा सम्बन्धित सम्पूर्ण सेवाग्राहीको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । यसरी सेवा अवरुद्ध भएका कारण सेवाग्राहीमा पर्न जाने असुविधा प्रति कार्यालय क्षमापार्थी छ ।

तपसिल :

१. विद्युतीय भवन अनुमति प्रणाली (e-BPS) लागु हुनु पूर्वका Scanning, Digitalization and Archiving गरिएका घर नक्सा सम्बन्धी फाइलहरू मध्ये जेन-जेड आन्दोलनका बखत आगजनी भई उक्त नक्सा सम्बन्धी हार्डकपी अभिलेख फाइल नष्ट भई सम्बन्धित घरधनीसँग कम्तीमा एक प्रति सक्कल नक्सा र प्रमाण पत्र समेत नभएको अवस्थामा घर नक्साको नामसारी, तला थप निर्माण इजाजत, कित्ता संशोधन लगायतका कार्य ।

२. उल्लेखित प्रकृतिका पुराना फाइल / अभिलेख हेर्ने, प्रमाणित प्रतिलिपि लिने सेवा ।

उक्त कार्य सम्बन्धी थप जानकारी आवश्यक भएमा सम्पर्क व्यक्ति :

इन्जिनियर श्री कमल चापागाई (मो.नं.: ९८४००६८०३३)
भवन निर्माण इजाजत तथा नियमन शाखा ।

**महेश पराजुली**
प्रमुख प्रशासकीय अधिकृत